**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. ओडिशामा भएको एकजना प्रवासी बंगाली श्रमिकको हत्याको मामिलामा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले कड़ा कदम उठाउनु भएको छ।

२. सबै सनातनीहरू एकजुट हुनुपर्छ र राज्यमा बलियो भाजपाको नेतृत्वमा सरकार बनाउनुपर्छ भनी बलिउड अभिनेता तथा भाजपा नेता मिथुन चक्रवर्तीले बताउनु भएको छ।

३. पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआरको प्रक्रिया अन्तर्गत हिजोदेखि सुनवाइ शुरू भएको छ।

४. पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवाललाई Y-प्लस श्रेणीको सुरक्षा प्रदान गरिएको छ।

५. खरसाङमा स्टेडियम निर्माणको दीर्घकालीन मागलाई लिएर खरसाङमा र्‍यालीको आयोजना गरेको छ।

**मुख्यमन्त्री ममता - प्रवासी बंगाली श्रमिक**

ओडिशामा भएको एकजना प्रवासी बंगाली श्रमिकको हत्याको मामिलामा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले कड़ा कदम उठाउनु भएको छ। उहाँले भन्नु भयो, यस घटनामा जीरो प्राथमिकी दर्ता गरी जाँचको लागि पश्चिम बंगाल पुलिसको एक टीमलाई ओडिशामा पठाइएको छ। मुख्यमन्त्रीले बताउनु भयो, मृतकको परिचय मुर्शिदाबाद जिल्लाको जंगीपुर क्षेत्रका निवासीरहेको बताइएको छ। बुधवार संबलपुर जिल्लामा बीड़ीलाई लिएर भएको विवाद पश्चात उसको कथित रूपमा कुटेरै हत्या गरिएको थियो। मुख्यमन्त्री ममता ब्यनर्जीले भन्नु भयो, यस मामिलामा सुती थानामा जीरो प्राथमिकी दर्ता गरिएको छ भने अहिलेसम्ममा छजना आरोपीहरूलाई पक्राउ गरिसकिएको छ। उहाँले स्पष्ट पर्नु भयो, जीरो प्राथमिकी त्यो प्रक्रिया हो जसमा अपराधविरूद्ध कुनै पनि थानामा मामिला दर्ता गरी तुरून्तै जाँच शुरू गर्न सकिन्छ। पछि मुद्दा सम्बन्धित क्षेत्रको थानामा स्थानान्तरण गरिन्छ। मुख्यमन्त्रीले ओडिशासहित भाजपाशासित राज्यहरूमा बंगाली भाषी मानिसहरूमाथि अत्याचार भइरहेको आरोप लगाउँदै भन्नु भयो, यो अत्यन्त निन्दनीय छ। उहाँले भन्नु भयो, बंगाली भाषा बोल्नु कहिल्यै पनि अपराध हुनसक्दैन। मुख्यमन्त्री ममता ब्यनर्जीले दाबी गर्नु भयो, मुर्शिदाबादको मुस्लिम बहुल क्षेत्रबाट ओडिशामा काम गर्न गएका प्रवासी मजदुरहरू अब भयभित भएर घर फर्किरहेका छन्। उहाँले भन्नु भयो, संबलपुरको घटनापछि क्षेत्रमा भय व्याप्त भएको छ। मुख्यमन्त्रीले अझ भन्नु भयो, राज्य सरकार यस दुःखदायी घटनाबाट प्रभावित परिवारको साथमा छ र मृतकको परिवारलाई आर्थिक सहायता दिइनेछ।

**भाजपा नेता मिथुन चक्रवर्ती**

बंगाललाई कुनै पनि हालतमा बंगलादेश बन्न दिइने छैन। हामी यसको लागि अन्तिम थोपा रगत रहेसम्म लड्नेछौं। सबै सनातनीहरू एकजुट हुनुपर्छ र राज्यमा बलियो भाजपाको नेतृत्वमा सरकार बनाउनुपर्छ। हिजो दिउँसो, बलिउड अभिनेता तथा भाजपा नेता मिथुन चक्रवर्तीले कुल्टीको अल्दी मैदानमा भाजपाले आयोजना गरेको जनसभालाई सम्बोधन गर्नु हुँदै उक्त कुरा भन्नु भएको छ। बैठकको क्रममा आसनसोल (दक्षिण) का विधायक अग्निमित्र पाल, कुल्टीका विधायक अजय पोद्दार, पार्टी जिल्ला अध्यक्ष देबतानु भट्टाचार्य, हिन्दीभाषी नेता कृष्ण प्रसाद लगायत अन्य धैरै पार्टी नेताहरू र ठूलो संख्यामा कार्यकर्ताहरू उपस्थित थिए। बैठकको क्रममा मिथुन चक्रवर्तीलाई स्थानीय पार्टी एकाइले सम्मान पनि गरेको थियो।

उहाँले भन्नु भयो, बंगलादेशमा हिन्दूहरूमाथि भएको क्रूर अत्याचार हृदयविदारक छ र शब्दमा वर्णन गर्न सकिँदैन। एक समयमा, हिन्दू र ब्राह्मणहरूलाई कश्मीरबाट धपाइयो। बंगालका हिन्दूहरूले यस्तै अवस्थाको सामना गरिरहेका छन्। यद्यपि, बंगाललाई कुनै पनि हालतमा बंगलादेश बन्न दिइने छैन। सबैले मतभेदहरू पार गर्नुपर्छ र भाजपालाई बलियो बनाउन काम गर्नुपर्छ। सबै हिन्दू र सनातनीहरूले अब एकताबद्ध हुन आवश्यक छ।

उहाँले अन्य राजनीतिक दलका हिन्दू नेता र कार्यकर्ताहरूलाई अपील गर्नु भयो, यदि तिनीहरू समयमै उठेनन् भने, भविष्यमा स्थिति भयानक हुन सक्छ। यसका लागि बंगाललाई भाजपाको नेतृत्वमा बलियो सरकार चाहिन्छ, जसले घुसपैठ गर्नेहरूलाई लगाम लगाउन र सोनार बंगला निर्माण गर्न सकोस्। किनभने भाजपाले मात्र सनातनीहरूलाई जोगाउन सक्छ।

**एसआईआरको सुनवाइ शुरू**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआरको प्रक्रिया अन्तर्गत हिजोदेखि सुनवाइ शुरू भयो। राज्यभरिका 3 हजार 2 सय 34 मतदान केन्द्रहरूमा ठूलो संख्यामा मानिसहरू आफ्नो पहिचान र ठेगाना कागजातहरू लिएर पुगेक थिए। मुख्य निर्वाचन अधिकारी कार्यालयका एक वरिष्ठ अधिकारीले प्रत्येक केन्द्रमा मतदाताहरूको लामो लाइन देखिएको जानकारी दिनु भएको छ। अधिकारी अनुसार, पहिलो चरणको सुनवाइ बिहान 11 बजी शुरु भयो। पहिचान र ठेगाना स्पष्ट रूपमा स्थापित गर्न नसकेका लगभग 32 लाख मतदाताहरूलाई सुनवाइको लागि बोलाइएको छ। यी मतदाताहरूलाई अनम्याप्ड श्रेणीमा राखिएको छ। यस चरणको सुनवाइको निगरानीको निम्ति जम्मा 4 हजार 5 सय माइक्रो-अब्जर्वरहरू खटाइएको छ। निर्वाचन आयोगको निर्देशन अनुसार, सुनवाइ केन्द्रहरूमा केवल अधिकृत निर्वाचन अधिकारी उपस्थित रहनेछन्, जसमा निर्वाचन पंजीकरण अधिकारी, सहायक निर्वाचन पंजीकरण अधिकारी, बुथ लेवल अधिकारीहरू र पर्यवेक्षकहरू सामेल छन्। निर्वाचन आयोगका एक अधिकारीले मतदाताहरूले पहिचान र ठेगानाको प्रमाणको रूपमा 12 वटा मान्यता प्राप्त कागजातहरू पेश गर्नसक्ने बताउनु भएको छ।

**ऊर्जा क्रान्ति वर्ष 2025**

यो वर्ष 2025 देशको ऊर्जा आत्मनिर्भरताको क्षेत्रमा विशेष उपलब्धिको वर्षको रूपमा जानिन्छ। इन्धन छेत्रमा ग्रीन हाइड्रोडनको सफल परीक्षणले अव हाइड्रोजनले पनि वाहनहरू चल्ने छन् जसले पर्यावरण प्रदुषणले धेरै राहत पाइने छ। यस बारे खरसांगकी एक जना पर्यावरणवीद चित्राले क्षेत्रीले केन्दर सरकारको हपलको सराहना गर्दै भन्नु भयो ------

बाइट

भारतको ऊर्जा निर्भरताको क्षेत्रमा क्रन्तिकारी परिवर्तनको रूपमा वर्ष २०२५ लाई याद गरिन्छ। जीवाश्म इन्धन अर्थात पेट्रोल डिजलमाथिको निर्भरतालाई धेरै हद सम्म कम जर्ने दिशामा प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले ग्रीन हाइड्रोजन ऊर्जाको विकास कार्यलाई गति दिएकोछ। पानीबाट नवीकरणीय ऊर्जा पवन र सङर्यको मददले अक्सिजन र हाइड्रोजनलाई अलग गरि इन्धनको रूपमा प्रयोग गर्ने खोज भविष्यका लागि एउटा परिवर्तनकारी कदम हो। यसरी ग्रीन हाइड्रोजनले चल्ने वाहनहरूले कार्बन उत्सर्जन गर्दैर र पर्यकवरणलाई प्रदूषण देखी मुक्त गर्नुमा ठूलो टेवा दिनेछ। हाम्रो पहाडमा पनी आज सौर्य ऊर्जाले गाँउघरलाई उजकलो बनाइरहेकोछ भने इलैक्ट्रानिक वाहनहरूको प्रचलन मधेशमा बढ्दै गईरहेकोछ। केन्द्र सरकारको साहसिक तथा दृढ इक्छाशक्तिको यो परिणाम हो।)

**वर्ष 2025- डीजीटल भूगतानी**

वर्ष 2025 लाई डिजीटल लेनदेनको क्रान्ति वर्षको रूपमा जानीने छ। आज ससाना व्यपारी देखि ठुला उद्योग जगललाई व्यवसाय गर्नु डिजीटल भूगतानीले धेरै सजिलो बनाइ दिएको छ। ईज आफ डुइन्ग बिजनेशले गर्दा व्यवसाय क्षेत्रले ठुलो फर्को मारेको छ। खरसांगका एक जना व्यवसायी निशान सुनुवारले प्रधानमंत्री नरेन्द्र मोदीको यस पहललाई धेरै सराहना गर्दै भन्नु भयो

(आज ब्यवसाय गर्नु धैरै सजिलो भएकोछ। पहीलाका पेचीलो आयकर कानूनहरूलाई संशोधित गरि सहजए  सरल र बुझ्ने बनाईएकोछ। अब इनकमट्यक्स सेलट्यक्स अधिकारीहरूको डर छैन्। सबैथोकडिजीटल गरिएकोले प्रदर्शिता बढेर गएकोछ। चीया देखि पानए  साग सब्जीए  देखी हरेक लेनदेन नै डिजीटल भएकोछ। युपीआईले पैसा लिनु दिनु पठाउनु मंगालनु सबै सजीलो र एक क्लीकमा मोबाईलद्वारा सुनिश्चित गरेकोछ। प्रधानमंत्री नरेन्द्र मोदीको क्रान्तिकारी पहलहरूले वर्ष 2025 मा व्यसावलाई थप टेवा दिएको। र देशको सकल घरेलु उत्पादन दर विश्व मै एक नम्बर स्थकनमा छ। मो एउटा सानो सर्विस सेन्टर चलाउँछु र मोलाई डिजीटल भुग्तानीले खुचरा फर्काउन झण्झट देखी राहत मीलेकोछ र व्यसायलाई सरल बनाएकोछ ।)

बाइट.......निशान.....

**बंगालका मुख्य निर्वाचन अधिकारीको सुरक्षा बढाइयो**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालको सुरक्षा बढाइएको छ। उहाँलाई अब Y-प्लस श्रेणीको सुरक्षा प्रदान गरिएको छ। हालैका दिनहरूमा, कोलकाताको विधाननगरमा रहेको निर्वाचन आयोगको कार्यालय बाहिर बारम्बार विरोध प्रदर्शन र धर्नाका कारण स्थिति तनावपूर्ण बनेको छ। मुख्य निर्वाचन अधिकारीलाई भेट्ने मागलाई लिएर धेरै पटक धक्का र धकेल्ने काम भएको छ। स्रोतका अनुसार मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सम्बन्धी सुनुवाइको क्रममा कुनै अराजकता वा सुरक्षा त्रुटि नहोस् भनेर मुख्य निर्वाचन अधिकारीको सुरक्षा बढाउने निर्णय गरिएको थियो।

यससँगै हिजोदेखि मुख्य निर्वाचन अधिकारीको कार्यालयको सुरक्षाको जिम्मेवारी केन्द्रीय बललाई हस्तान्तरण गरिएको छ। निर्वाचन आयोगले यस सम्बन्धमा गृह मन्त्रालयलाई पत्र पठाएको थियो, जसपछि केन्द्रीय बलको तैनाथी गरिएको थियो। अब, कार्यालय परिसर र वरपरका क्षेत्रहरूको सुरक्षा पूर्ण रूपमा केन्द्रीय बलको जिम्मेवारीमा हुनेछ।

यसैबीच पश्चिम बंगालका प्रभारी वरिष्ठ उप निर्वाचन आयुक्त ज्ञानेश भारती ३० दिसम्बरमा बिहान ९:३० बजे राज्यमा आइपुग्नु हुनेछ। उहाँले एसआईआरसँग सम्बन्धित सुनुवाइ प्रक्रियाको समीक्षा गर्नु हुनेछ र राज्यका मुख्य निर्वाचन अधिकारीसँग आपतकालीन बैठक गर्नु हुनेछ।

**अभिषेक ब्यानर्जी**

तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले वर्षको अन्त्यमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई भेट्ने स्पष्ट पार्नु भएको छ। यो भेट ३१ डिसेम्बरमा हुनेछ। हिजो आयोजित पत्रकार सम्मेलनमा अभिषेक व्यानर्जीले यो जानकारी दिनु भएको छ। पत्रकार सम्मेलनमा अभिषेक ब्यानर्जीले विशेष गहन संशोधन (SIR) प्रक्रियाको सम्बन्धमा निर्वाचन आयोगमाथि कडा आक्रमण गर्नु भयो। उहाँले निर्वाचन आयोग संस्थाको रूपमा नभई व्हाट्सएपमार्फत सञ्चालन हुने आयोग बनेको आरोप लगाउनु भएको छ। श्री अभिषेकले भन्नु भयो, यदि निर्वाचन आयोग साँच्चै मतदाता सूची शुद्धीकरण गर्न चाहन्छ भने नामहरू किन सार्वजनिक गरिँदैन। उहाँले यस सम्बन्धमा आयोगसँग कुनै पारदर्शी जवाफ नभएको दाबी गर्नु भयो।  श्री अभिषेक बनर्जीले SIR समयसीमाको सम्बन्धमा भेदभावको आरोप पनि लगाउनु भयो। उहाँले एसआईआर प्रक्रिया चलिरहेको अन्य राज्यहरूले किन समयसीमा बढाए तर पश्चिम बंगालले किन नबढाए भनेर प्रश्न गर्नु भयो।

**वर्ष 2025- डीजीटल भूगतानी**

वर्ष 2025 लाई डिजिटल लेनदेनको क्रान्ति वर्षको रूपमा जानिने छ। आज ससाना व्यपारीदेखि ठुला उद्योग जगललाई व्यवसाय गर्नु डिजीटल भूगतानीले धैरै सजिलो बनाइ दिएको छ। ईज आफ डुइन्ग बिजनेशले गर्दा व्यवसाय क्षेत्रले ठुलो फर्को मारेको छ। खरसांगका एक जना व्यवसायी निशान सुनुवारले प्रधानमंत्री नरेन्द्र मोदीको यस पहललाई धैरै सराहना गर्दै भन्नु भयो –

**बाइट**

**ऊर्जा क्रान्ति वर्ष 2025**

यो, वर्ष 2025, देशको ऊर्जा आत्मनिर्भरताको क्षेत्रमा विशेष उपलब्धिको वर्षको रूपमा जानिन्छ। इन्धन छेत्रमा ग्रीन हाइड्रोडनको सफल परीक्षणले अव हाइड्रोजनले पनि वाहनहरू चल्ने छन् जसले पर्यावरण प्रदुषणले धैरै राहत पाइने छ। यस बारे खरसांगकी एक जना पर्यावरणवीद चित्राले क्षेत्रीले केन्द्र सरकारको पलको सराहना गर्दै भन्नु भयो ------

......................बाइट...................

**खरसाङमा स्टेडियम निर्माणको मागमा ऱ्याली**

खरसाङमा स्टेडियम निर्माणको दीर्घकालीन मागलाई मध्यनजर गर्दै केही दिन अघि गठन भएको संस्था खरसाङ स्टेडियम निर्माण समितिले खरसाङमा स्टेडियम निर्माणको मागमा हिजो ऱ्यालीको आयोजना गरेको छ। खरसाङ मोटर स्ट्याण्डबाट सुरु भएको ऱ्यालीमा विभिन्न संघ-संस्था तथा आम नागरिकहरुले भाग लिएका थिए। ऱ्यालीमा सहभागीहरूले प्लाकार्ड बोकेर खरसाङ शहरको परिक्रमा गर्दै पुनः मोटर स्ट्यान्डमा पुगेर समापन गरिएको थियो। निर्माण समितिका सचिव सुदिप राईले खरसाङमा स्टेडियमको अभाव भएकै कारण ऱ्याली आयोजना गरिएको बताउनु भएको छ।
यसै गरी समितिका अध्यक्ष छिरिङ खाईबाले विगतदेखि नै स्टेडियम निर्माणको माग उठ्दै आएको भए पनि हालसम्म त्यो सम्भव हुन नसकेको बताउनु भयो। खरसाङमा स्टेडियमको अत्यन्तै आवश्यकता रहेको उल्लेख गर्नु हुँदै उहाँले यस पटक स्टेडियम निर्माण अवश्यै हुने विश्वास व्यक्त गर्नु भयो। साथै उहाँले स्टेडियम निर्माणका लागि हरसम्भव प्रयास गरिने पनि बताउनु भएको छ।

****** ० ******